**बैठक संख्याः-**

आज मिति २०८३ बैशाख १६ गते बुधबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भोलन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईबा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री साल माया लो | सदस्य | |
| ११ | श्री रमा कुमारी च्याङ्मी | सदस्य | |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री दाताराम प्याकुरेल | सचिव | |

**अन्य उपस्थिती**

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुधन थिङ | अधिकृत छैटौं | |

**घ्याङलेख गाउँपालिका**

**སྒྱང་ལེབ་ ག་ཨུྃ་པ་ལི་ཀ།**

**गाउँ कार्यपालिकाको बैठक**

**मिति २०८३ बैशाख १६ गते बुधबार**

**बैठकका प्रस्ताव तथा निर्णयहरु**

**समयः दिउँसो १ बजे**

**बैठकका प्रस्तावहरुः-**

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. भूमि प्रशासन सम्बन्धी सेवा प्रवाह गर्ने सम्बन्धमा।
३. आर्थिक सहयोग गर्ने सम्बन्धमा।
४. शिक्षा समितिबाट पेश भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
५. एकीकृत घुम्ती शिविर तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा।
६. गाउँपालिका खेलकुद विकास समिति गठन सम्बन्धमा।
७. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशीलता विकास कार्यक्रमको समीक्षा सम्बन्धमा।
८. बागमती सरकार समक्ष योजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा।
९. विविध सम्बन्धमा।

| प्रस्ताव नं. | निर्णयहरु |
|---|---|
| १ | यस अघि भए गरेका निर्णयहरुको समीक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो । |
| २ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८३।०१।१० गते जारी भूमि प्रशासन सम्बन्धी सेवा स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी सूचना अनुसार यस घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट उक्त सेवा प्रवाह गर्न आवश्यक पूर्वाधार र जनशक्ति यस कार्यालयले नै व्यहोरिने र उल्लेखित सेवाहरु सञ्चालन गर्न यस घ्याङलेख गाउँपालिका इच्छुक रहेको व्यहोराको पत्र तोकिएको समय सीमा भित्र नै नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार काठमाडौंमा पठाउने निर्णय गरियो। |
| ३ | यस कार्यालयमा विभिन्न मितिमा आर्थिक सहयोगका लागि पेश भएका निवेदन उपर छलफल गरी देहाय बमोजिम आर्थिक सहयोग गर्ने निर्णय गरियो। |

**देहायः**

| क्र.स. | नाम, थर, वडा नं. | रकम रु | आर्थिक सहयोग गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | सञ्च माया लामा, वडा नं.३ | २०,०००।- | हावाहुरीले घरको छाना उडाएको |
| २ | अमित श्रेष्ठ, वडा नं.५ | २०,०००।- | हावाहुरीले घरको छाना उडाएको |
| ३ | काली वाईबा, वडा नं.५ | २०,०००।- | हावाहुरीले घरको छाना उडाएको |
| ४ | विमाया कामी, वडा नं.५ | १५,०००।- | चट्याङ लागेर हातको उपचार गराईरहेको |
| ५ | मन्धुमाया रुम्बा, वडा नं.५ | १५,०००।- | फोक्सोको उपचार |
| ६ | विनिता वि.क., वडा नं.५ | १५,०००।- | खुट्टाको उपचार |
| ७ | सम्झना पहरी, वडा नं.५ | २०,०००।- | हावाहुरीले घरको छाना उडाएको |
| ८ | शुशिला श्रेष्ठ, वडा नं.५ | २०,०००।- | हावाहुरीले घरको छाना उडाएको |
| ९ | म्हेन्दोमाया थिङ, वडा नं.५ | २०,०००।- | उपचार |

| | | | |
|---|---|---|---|
| १० | सुब्बा सिं भोम्जन, वडा नं.५ | १५,०००।- | क्यान्सर भई उपचाररत |
| ११ | होम बहादुर मगर, वडा नं.२ | १५,०००।- | हावाहुरीले गोठको छाना उडाएको |
| १२ | मान बहादुर लुङ्गेली, वडा नं.२ | २०,०००।- | हावाहुरीले घरको छाना उडाएको |
| १३ | डिल बहादुर बोम्जन, वडा नं.१ | २०,०००।- | हावाहुरीले घरको छाना उडाएको |
| १४ | सिद्धज्योति शिक्षा क्याम्पस, सिन्धुली | ७५,०००।- | National Conference का लागि सहयोग |
| १५ | शान्ति माया बम्जन, वडा नं.१ | २०,०००।- | स्वास्थ्य उपचार |
| १६ | सुर्य बहादुर वाईबा, वडा नं.४ | १५,०००।- | स्वास्थ्य उपचार |
| १७ | बुद्ध वाईबा, वडा नं.२ | १५,०००।- | लास ढुवानी |
| १८ | कान्छामान स्याङ्तान, वडा नं.५ | १५,०००।- | स्वास्थ्य उपचार |
| १९ | रेखा कुमारी राय, वडा नं.२ | १५,०००।- | जुम्ल्याहा बाच्छी |

४ मिति २०८२।१२।०३ गतेका दिन बसेको यस गाउँपालिकाको शिक्षा समितिबाट अनुमोदनका लागि पेश भएका निर्णयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय अनुमोदन गर्ने।नगर्ने निर्णय गरियो।

**देहायः**

| निर्णय भई पेश भएका व्यहोरा | | अनुमोदन गर्ने/ नगर्ने |
|---|---|---|
| श्री पेमाटाँसी आ.वि. चौकीडाँडा-१ बाल विकास सहजकर्ता पालिका शिक्षण सिकाई अनुदान रिक्त रहेको पदपूर्ति नभएको | रिक्त बालबिकास पालिका शिक्षण सिकाई अनुदान-१ लाई का.स.मा रुपान्तरण गरी श्री सिद्धार्थ आ.वि. आहालेमा पदपूर्तिको लागि कार्यपालिकालाई अनुमोदनको लागि सिफारिस गर्ने | अनुमोदन गर्ने |
| श्री नेत्रकाली मा.वि. आँपडाँडा रामपुर | १२ कक्षाको लागि वाली विज्ञान कक्षा अपग्रेड | अनुमोदन गर्ने |
| श्री मञ्जुश्री बालबिकास केन्द्र, पिङभञ्ज्याङ | बालबिकास अनुमति | विस्तृत अध्ययन प्रतिवेदनको आधारमा शिक्षा समितिबाट नै निर्णय हुने गरी |
| श्री मुक्ति आ.वि. बोक्से | कक्षा २ अपग्रेड | अनुमोदन गर्ने |

५ एकीकृत घुम्ती शिविर(स्वास्थ्य सेवा, कृषि सेवा, पशु सेवा, आयुर्वेद सेवा, व्यवसाय दर्ता सेवा आदी) तपसिल बमोजिमको मिति र स्थानमा गर्ने र सार्वजनिक सुनुवाई कार्यक्रम पनि सोही बमोजिम गर्ने निर्णय गरियो।

**तपसिलः**

| मिति | स्थान |
|---|---|
| २०८३।०१।२१ | वडा नं. ५ को कार्यालय |
| २०८३।०१।२२ | वडा नं. ४ को कार्यालय |
| २०८३।०१।२३ | वडा नं.३ को कार्यालय |
| २०८३।०१।२४ | १. एकीकृत घुम्ती शिविर- भैंसे<br>२. सार्वजनिक सुनुवाई कार्यक्रमः वडा कार्यालयको प्राङ्गणमा |
| २०८३।०१।२५ | वडा नं. १ को कार्यालय |

६ यस घ्याङलेख गाउँपालिकाको खेलकुद विकास समिति (गठन तथा कृयाकलाप सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२ (संसोधन) को परिच्छेद-३, दफा- ४ अन्तरगत रिक्त रहेको समिति देहाय बमोजिम हुने गरि गठन गर्ने निर्णय गरियो।

**देहायः**

| क्र.स. | विवरण | नाम, थर र वडा नं. | पद |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्षले मनोनित गरेको १ जना | जनक कुमार बज्यू, वडा-२ | अध्यक्ष |
| २ | गाउँपालिका अध्यक्षले तोकेको १ महिला सहित ४ जना | रुपेश मोक्तान, वडा-४ | सदस्य |
| | | छत्र बहादुर सुनुवार, वडा-३ | सदस्य |
| | | आशिक दोङ, वडा -४ | सदस्य |
| | | यम कुमारी स्याङ्तान, वडा-२ | सदस्य |
| ३ | कार्यपालिकाले तोकेको ३ जना | | सदस्य |
| | | सिताराम स्याङ्तान, वडा-३ | सदस्य |
| | | इमान सिं घोले, वडा-५ | सदस्य |
| ४ | जिल्ला खेलकुद विकास समिति अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ | | सदस्य |

| | | | | |
|---|---|---|---|---|
| | | जना | | |
| | ५ | गाउँपालिकाको सामाजिक विकास समिति संयोजक | [illegible] बहादुर सिजाली मगर | सदस्य |
| | ६ | गाउँपालिकाको कर्मचारी | छिरिङ दोर्जे लामा | सदस्य सचिव |

७ कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशीलता विकास कार्यक्रमको विस्तृत रुपमा समीक्षा गरी पारित गर्ने निर्णय गरियो।

८ बागमती प्रदेश सरकार अन्तरगतका सिन्धुली जिल्ला स्थित बिभिन्न कार्यालयहरुबाट आ.व. २०८३।०८४ का लागि योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्न पत्राचार भए बमोजिम देहाय अनुसार योजना तथा कार्यक्रम छनौट गरि पठाउने निर्णय गरियो।

**<u>देहायः</u>**

| मन्त्रालय/कार्यालय | माग गर्ने योजना।कार्यक्रमको नाम | अनुमानित रकम रु |
|---|---|---|
| शहरी विकास तथा भवन कार्यालय, सिन्धुली | ➢ अमले स्वास्थ्य चौकी भवन निर्माण, वडा नं.१ | २ करोड |
| | ➢ अधुरो वस्तीपुर स्वास्थ्य चौकी निर्माण, वडा नं.२ | १ करोड |
| | ➢ आधारभुत विद्यालय कोल्टार भवन निर्माण, वडा नं.३ | १.५ करोड |
| | ➢ नेत्रकाली आ.वि. बन्दिपुर भवन निर्माण, वडा नं.४ | १ करोड |
| | ➢ महेन्द्रोदय आ.वि. गर्के भवन निर्माण, वडा नं.५ | १ करोड |
| जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, सिन्धुली | ➢ लिपेखोला, रजबास सिंचाई कुलो निर्माण, वडा नं.१ | १ करोड |
| | ➢ मरिणखोला डुम्रे फाँट सिंचाई कुलो स्तरोन्नती, वडा नं.२ | ५० लाख |
| | ➢ मरिणखोला कोल्टार सिंचाई कुलो निर्माण, वडा नं.३ | ८० लाख |
| | ➢ झगरेछाँगो, बोक्से, ठाडे सिंचाई कुलो निर्माण, वडा नं.४ | १ करोड |
| | ➢ अर्चले रातु लिफ्ट सिंचाई, वडा नं.५ | १ करोड |
| खानेपानी तथा सरसफाई डिभिजन नं.४, सिन्धुली | ➢ सुकाचुरी खानेपानी योजना, वडा नं.१ | ६० लाख |

| | | | | |
|---|---|---|---|---|
| | | | ➢ ठाडोखोला-चन्दनपुर खानेपानी योजना, वडा नं.२ | ६० लाख |
| | | | ➢ कोल्टार खानेपानी योजना, वडा नं.३ | ६० लाख |
| | | | ➢ चौकीडाँडा खानेपानी योजना, वडा नं.४ | ६० लाख |
| | | | ➢ सिङ्पाल- चैनपुर खानेपानी योजना, वडा नं.५ | ८० लाख |
| | | पूर्वाधार विकास कार्यालय, सिन्धुली | ➢ गुन्टेखोला-सुकाचुरी सडक स्तरोन्नती, वडा नं.१ | १.५ करोड |
| | | | ➢ ज्यामिरेडाँडा, झगरे, स्याउरीडाँडा सडक स्तरोन्नती, वडा नं.४ | १ करोड |
| | | | ➢ अमले-थलागाउँ सडक स्तरोन्नती, वडा नं.१ | १ करोड |
| | | | ➢ चन्दनपुर-सातदोबाटो सडक स्तरोन्नती, वडा नं. २ | २ करोड |
| | | | ➢ तामाजोर वडा कार्यालय हुँदै गोठडाँडा सडक स्तरोन्नती, वडा नं.३ | २ करोड |
| | | | ➢ चौकीडाँडा, जुगेपानी काभ्रे सडक स्तरोन्नती, वडा नं.४ | २ करोड |
| | | | ➢ अर्चले, चैनपुर, सिङ्पाल, जुगेपानी सडक स्तरोन्नती, वडा नं.५ | २ करोड |

| | |
|---|---|
| ९ | **विविध सम्बन्धमा छलफल गर्दा** |
| क | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ११ बमोजिम हुने गरी स्थानीय तहमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको सञ्चालन गर्न र श्रम तथा रोजगारसँग सम्बन्धित सेवा प्रभावकारी रुपले व्यवस्थापन र सञ्चालन गर्न यस गाउँपालिकास्तरीय देहाय बमोजिमका समिति गठन गर्ने निर्णय गरियो। |

देहायः

| क्र.स. | विवरण | नाम, थर | समितिमा रहने पद |
|---|---|---|---|
| १ | अध्यक्ष | जगत बहादुर भोलन | अध्यक्ष |
| २ | प्रमुख प्रशासकीय अधिकृत | दाताराम प्याकुरेल | सदस्य |

| | | | |
|---|---|---|---|
| ३ | संयोजक, सामाजिक विकास समिति | [illegible] बहादुर सिजाली | सदस्य |
| ४ | प्रमुख, आर्थिक प्रशासन शाखा | महेश्वर दाहाल | सदस्य |
| ५ | प्रमुख, सामाजिक विकास शाखा | सुधन थिङ | सदस्य |
| ६ | प्रतिनिधि, स्थानीय तहमा रहेका बैंक तथा वित्तीय संस्था | SBI बैंक घ्याङलेख शाखा प्रबन्धक | सदस्य |
| ७ | प्रतिनिधि, उद्योग वाणिज्य संघ(स्थानीय) | पवन कुमार वि.क. | सदस्य |
| ८ | रोजगार संयोजक | मस्त कुमार वाईबा | सदस्य सचिव |

ख भूमिहीन दलित, भूमिहीन सकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ बमोजिम भूमिहीन दलित, भूमिहीन सकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा लगायतका कार्यमा सहयोग र सहजीकरण गर्न यस घ्याङलेख गाउँपालिकाको देहाय बमोजिम भूमि समस्या सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

**देहायः**

| क्र.स. | समितिको विवरण | नाम, थर | समितिमा रहने पद |
|---|---|---|---|
| १ | अध्यक्ष | जगत बहादुर भोलन | संयोजक |
| २ | उपाध्यक्ष | शंकरमान घलान | उपसंयोजक |
| ३ | सम्बन्धित स्थानीय तहमा क्रृयाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक।एक जना प्रतिनिधि | बेनी बहादुर बस्नेत(रास्वपा) | सदस्य |
| | | जनक स्याङ्तान(ने.का.) | सदस्य |
| | | कृष्ण ब. थिङ(ने.क.पा.एमाले) | सदस्य |
| | | चक्र ब. पाख्रिन(ने.क.पा.) | सदस्य |
| ४ | कार्यपालिका सदस्यहरु मध्येबाट एक दलित वा अल्पसङ्ख्यक र एक महिला गरी दुईजना सदस्य | निम बहादुर थामी | सदस्य |
| | | सान्नानी नेपाली | सदस्य |
| ५ | स्थानीय तहमा क्रियाशील भूमिहिन किसान, सुकुम्बासी र आवासको | निर ब. भोलन | सदस्य |
| | | मिठु कुमारी वि.क. | सदस्य |

| | | | | |
|---|---|---|---|---|
| | | क्षेत्रमा काम गरिरहेका संघ, संस्थाका प्रमुख यस बिषयमा अनुभवी नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलित सहित ३ जना | कमला थिङ | सदस्य |
| | ६ | प्रमुख प्रशासकीय अधिकृत | दाताराम प्याकुरेल | सदस्य सचिव |

| | |
|---|---|
| ग | यस घ्याङलेख गाउँपालिकाको वडा नं.२ अन्तरगत पर्ने नयाँ गाउँ बस्ने श्री जय बहादुर स्याङ्तानको छोरा वर्ष २६ को धनलाल स्याङ्तानको टाउकोको अपरेशन भई मानसिक असन्तुलन भई सुधारकेन्द्र, हेटौंडामा राख्नु पर्ने भएकोले सोको लागि आवश्यक रकम यस पालिकाले नै व्यहोर्ने निर्णय गरियो। |
| घ | यस गाउँपालिकाका लागि अति आवश्यक ईलेक्ट्रिसियन १ जना दक्ष जनशक्ति विज्ञापन गरी करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो। |
| ङ | यस घ्याङलेख गाउँपालिकामा आ.व. २०८१।०८२ मा खरिद गरी सञ्चालन रहेको जे.सि.भि. मेसिनमा एक जना सहायक अपरेटर आवश्यक रहेको हुँदा मेसिन सञ्चालनमा रहेको बेला र अपरेटरलाई सहयोग गरे बापत घण्टाको रु१००(एक सय रुपैँया)को दरले भुक्तानी हुने गरी राख्ने निर्णय गरियो। |